# गाउँ शिक्षा योजना

## खुम्बु पासाङल्हामु गाउँपालिका

## (२०८३/२०८४–२०९३/२०९४)

प्रकाशक

**खुम्बु पासाङल्हामु गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**खुम्बु  पासाङल्हामु गाउँपालिकाको कार्यपालिकाबाट  स्वीकृत तथा सिफारिस साथै प्रमाणित मितिः २०८३/०३/८**

**गाउँ शिक्षा योजना निर्माण समिति**

| क्र.सं. | पद | नाम | भूमिका |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | संयोजक |
| २ | उपाध्यक्ष | श्री टासी ल्हामु शेर्पा | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री नवराज गौतम | सदस्य |
| ४ | संयोजक, सामाजिक विकास समिति | श्री लाक्पा छिरी शेर्पा | सदस्य |
| ५ | शिक्षा समिति सदस्य | श्री लाक्पा ग्याल्जेन शेर्पा | सदस्य |
| ६ | प्रशासकीय अधिकृत | श्री सुजन कुमार बुढाथोकी | सदस्य |
| ७ | शिक्षक, महेन्द्र ज्योति मा.वि. | श्री गजिराम सार्की | सदस्य |
| ८ | शिक्षक, लुक्ला आधारभूत विद्यालय | श्री तिलक प्रसाद ढुंगाना | सदस्य |
| ९ | शिक्षा संयोजक | श्री इश्वर मान राई | सदस्य |
| १० | शिक्षा अधिकृत | श्री पदम वहादुर वस्नेत | सदस्य सचिव |

**हाम्रो भनाइ**

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो गाउँपालिकाले यो गाउँपालिका शिक्षा योजना तर्जुमा गरेको हो ।

गाउँपालिका क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण-सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ । भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन ।

यस गाउँ शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत-साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

हाम्रो विश्वास छ कि शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो गाउँपालिकालाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ सङ्कल्प व्यक्त गर्दछौ ।

स्थानीय शिक्षा योजना निर्माण समिति

## विषय सूची


| क्र.सं. | विषय / शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १ | क) विषय प्रवेश | I |
| २ | ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | I |
| ३ | ग) योजना निर्माण प्रक्रिया | II |
| ४ | घ) योजनाको दस्तावेजको स्वरूप | III |
| | **परिच्छेद-१** | |
| ५ | १. परिचय | १ |
| ६ | १.१. भौगोलिक अवस्थिति | १ |
| ७ | १.२. जनसाङ्ख्यिक संरचना | १ |
| ८ | १.३. सामाजिक तथा साँस्कृतिक अवस्था | १ |
| ९ | १.४. आर्थिक अवस्था | १ |
| १० | १.५. शैक्षिक अवस्था | २ |
| ११ | १.५.१. सबल पक्षहरु | ३ |
| १२ | १.५.२. शिक्षा क्षेत्रका समस्याहरू | ३ |
| १३ | १.५.३. अवसरहरू | ५ |
| १४ | १.५.४. चुनौतीहरू | ५ |
| | **परिच्छेद-२** | |
| १५ | २. दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण | ६ |
| १६ | २.१. दूरदृष्टि | ६ |
| १७ | २.२. लक्ष्य | ६ |
| १८ | २.३. उदेश्य | ६ |
| १९ | २.४. रणनीति | ६ |
| २० | २.५. अपेक्षित उपलब्धि | ८ |
| २१ | २.६. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ८ |
| | **परिच्छेद-३** | |
| २२ | ३. विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र | १० |
| २३ | ३.१. प्रारम्भिक बालविकास र शिक्षा | १० |
| २४ | ३.१.१. परिचय | १० |
| २५ | ३.१.२. वर्तमान अवस्था | १० |
| २६ | ३.१.३. उद्देश्य | ११ |
| २७ | ३.१.४. रणनीतिहरू | ११ |
| २८ | ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ११ |
| २९ | ३.२. आधारभूत शिक्षा | १३ |
| ३० | ३.२.१. परिचय | १३ |
| ३१ | ३.२.२. वर्तमान अवस्थाः- | १३ |
| ३२ | ३.२.३. उद्देश्य | १४ |
| ३३ | ३.२.४. रणनीतिहरू | १४ |
| ३४ | ३.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १५ |
| ३५ | ३.३. माध्यमिक शिक्षा | १६ |
| ३६ | ३.३.१. परिचय | १६ |
| ३७ | ३.३.२. वर्तमान अवस्था | १६ |
| ३८ | ३.३.३. उद्देश्य | १७ |
| ३९ | ३.३.४. रणनीतिहरू | १७ |

| | | |
|---|---|---|
| ४० | ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १८ |
| ४१ | ३.४. अनौपचारिक तथा आजिवन सिकाइ | २० |
| ४२ | ३.४.१. परिचय | २० |
| ४३ | ३.४.२. वर्तमान अवस्था | २० |
| ४४ | ३.४.३. उद्देश्य | २० |
| ४५ | ३.४.४. रणनीतिहरू | २० |
| ४६ | ३.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | २१ |
| **परिच्छेद-४** | | |
| ४७ | ४. अन्तर सम्बन्धित विषय क्षेत्रहरु | २२ |
| ४८ | ४.१. पाठ्यक्रम र मूल्याङ्कन | २२ |
| ४९ | ४.१.१. परिचय | २२ |
| ५० | ४.१.२. वर्तमान अवस्था | २२ |
| ५१ | ४.१.३. उद्देश्य | २२ |
| ५२ | ४.१.४. रणनीतिहरू | २२ |
| ५३ | ४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | २३ |
| ५४ | ४.२. शिक्षक व्यवस्थापन र विकास | २४ |
| ५५ | ४.२.१. परिचय | २४ |
| ५६ | ४.२.२. वर्तमान अवस्था | २५ |
| ५७ | ४.२.३. उद्देश्य | २५ |
| ५८ | ४.२.४. रणनीतिहरू | २५ |
| ५९ | ४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | २५ |
| ६० | ४.३. समता र समावेशीकरण | २६ |
| ६१ | ४.३.१. परिचय | २६ |
| ६२ | ४.३.२. वर्तमान अवस्था | २६ |
| ६३ | ४.३.३. उद्देश्य | २७ |
| ६४ | ४.३.४. रणनीतिहरू | २७ |
| ६५ | ४.३.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | २७ |
| ६६ | ४.४. विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम | २८ |
| ६७ | ४.४.१. परिचय | २८ |
| ६८ | ४.४.२. वर्तमान अवस्था | २८ |
| ६९ | ४.४.३. उद्देश्य | २९ |
| ७० | ४.४.४. रणनीतिहरु | २९ |
| ७१ | ४.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप | २९ |
| ७२ | ४.५. आपत्कालीन अवस्थामा शिक्षा | ३० |
| ७३ | ४.५.१. परिचय | ३० |
| ७४ | ४.५.२. वर्तमान अवस्था | ३० |
| ७५ | ४.५.३. उद्देश्य | ३० |
| ७६ | ४.५.४. रणनीतिहरू | ३१ |
| ७७ | ४.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ३२ |
| ७८ | ४.६. विद्यालय भौतिक पूर्वाधार विकास | ३२ |
| ७९ | ४.६.१. परिचय | ३२ |
| ८० | ४.६.२. वर्तमान अवस्था | ३२ |
| ८१ | ४.६.३. उद्देश्य | ३३ |
| ८२ | ४.६.४. रणनीतिहरू | ३३ |
| ८३ | ४.६.५. उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य | ३३ |

| | | |
|---|---|---|
| ८४ | ४.७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ३४ |
| ८५ | ४.७.१. परिचय | ३४ |
| ८६ | ४.७.२. वर्तमान अवस्था | ३४ |
| ८७ | ४.७.३. उद्देश्यहरु | ३४ |
| ८८ | ४.७.४. रणनीतिहरू | ३५ |
| ८९ | ४.७.५. उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ३५ |
| | **परिच्छेद-५** | |
| ९० | ५. विद्यालय सुशासन तथा व्यवस्थापन | ३६ |
| ९१ | ५.१. संस्थागत क्षमता विकास | ३६ |
| ९२ | ५.१.१. परिचय | ३६ |
| ९३ | ५.१.२. वर्तमान अवस्था | ३७ |
| ९४ | ५.१.३. उद्देश्य | ३७ |
| ९५ | ५.१.४. रणनीतिहरू | ३७ |
| ९६ | ५.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ३८ |
| ९७ | ५.२. स्थानीय शिक्षा योजना कार्यान्वियनको प्रबन्ध | ३९ |
| ९८ | ५.२.१. परिचय | ३९ |
| ९९ | ५.२.२. वर्तमान अवस्था | ३९ |
| १०० | ५.२.३. उद्देश्यहरु | ३९ |
| १०१ | ५.२.४. रणनीतिहरू | ३९ |
| १०२ | ५.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४० |
| १०३ | ५.३. अनुगमन तथा मूल्याङ्कन | ४० |
| १०४ | ५.३.१. परिचय | ४० |
| १०५ | ५.३.२. वर्तमान अवस्था | ४१ |
| १०६ | ५.३.३. उद्देश्य | ४१ |
| १०७ | ५.३.४. रणनीतिहरू | ४१ |
| १०८ | ५.३.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४१ |
| | **परिच्छेद-६** | |
| १०९ | ६. लगानी र स्रोत व्यवस्थापन | ४३ |
| ११० | ६.१. परिचय | ४३ |
| १११ | ६.२. वर्तमान अवस्था | ४३ |
| ११२ | ६.३. उद्देश्य | ४४ |
| ११३ | ६.४. रणनीतिहरू | ४४ |
| ११४ | ६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४४ |
| ११५ | ६.६. विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्र अन्तर्गतका बजेट | ४५ |
| | **परिच्छेद-७** | |
| ११६ | ७. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | ४६ |
| ११७ | ७.१. परिचय | ४६ |
| ११८ | ७.२. वर्तमान अवस्था | ४६ |
| ११९ | ७.३. उद्देश्य | ४७ |
| १२० | ७.४. रणनीतिहरू | ४७ |
| १२१ | ७.५. उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४७ |

**योजनाको सारांश**

गाउँपालिका शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो।यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ।योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ।यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो।योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

**क) विषय प्रवेश**

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ।नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भ अनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ।यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो।यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुर्‍याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिका पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दा देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको छ ।

- क) नेपालको संविधान,
- ख) सोह्रौँ आवधिक योजना,
- ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
- च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- छ) विद्यालय शिक्षा क्षेत्र योजना
- ज) राष्ट्रिय शिक्षा नीति २०७६,
- झ) दिगो विकास लक्ष्य
- ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
- ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन,२०७८
- ड) राजनीतिक दलको घोषणापत्र
- ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको छ ।

- क) कार्यपालिकाको बैठकको निर्णय
- ख) योजना निर्माण समितिको गठन

ग) योजना निर्माण कार्यदल गठन

घ) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय

ङ) प्रथम मस्यौदा तयारी

च) योजनाको अन्तिम रुप

छ) योजनाको मूल्याङ्कन

ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**ग) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ गुम्बा शिक्षा समेत रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा समावेश गरिएको छ। परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ।

**परिच्छेद १**

**परिचय**

### १.१ भौगोलिक अवस्थिति

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा राज्यको पुर्नरसंचना गर्नुका साथै जनप्रतिनिधि मुलक स्थानीय तहलाई स्थानीय सरकारको मान्यता दिएको छ। नेपालको संबिधानमा नेपालमा तिन तहको शासकीय संरचना रहने व्यवस्था अन्तर्गत संघ, प्रदेश र स्थानीय सरकार रहने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विकासका लागि योजना तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। २०७३ साल फागुन २९ गते नेपाल सरकार द्वारा स्थानीय तहको व्यवस्था भएपछि साविक जुभिङ गा.वि.स. का केही वडा ( वडा नं. १,५,७,८,,र ९), चौरीखर्क गा.वि.स., नाम्चे गा.वि.स. र खुम्जुङ गा.वि.स. लाई मिलाएर घोषणा गरिएको हो। यस गाउँपालिकामा ५ वटा वडाहरू रहेका छन्। यो गाउँपालिका २७ डिग्री ४४ मिनेट २४ सेकेन्ड उत्तरी अक्षांश देखि ८६ डिग्री ४३ मिनेट ४८ पूर्वी देशान्तरसम्म फैलिएको १,५३९.११ वर्ग कि मि क्षेत्रफलमा यो गाउँपालिका रहेको छ। यो गाउँपालिका विश्वको उच्च शिखर सगरमाथा, खुम्बु हिमनदी तथा गोक्यो ताल जस्ता पर्यटकीय गन्तव्य तथा जैविक, भौतिक तथा साँस्कृतिक क्षेत्रको खानीको रूपमा परिचित स्थानीय तह हो।

### १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार खुम्बु पासाङल्हामु गाउँपालिकाको कुल जनसङ्ख्या ८७२० रहेको छ। महिला ४९.६% र पुरुष ५०.४% छन्।खुम्बुमा २४८९ घर धुरी रहेको छ।

### १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

विश्व सम्पदा सूचिमा सूचीकृत सगरमाथा राष्ट्रिय निकुञ्ज तथा विशेष गरी बौद्ध धर्मावलम्बी शेर्पा लगायत अन्य जातजातिसँग सम्बन्धित कला, भाषा, संस्कृति, भेषभुषा तथा रीतिरिवाजको सङ्गम हो।खुम्बु पासाङल्हामु गाउँपालिकामा प्रकृति र संस्कृतिलाई नजिकबाट अवलोकन गरी मनोरञ्जन लिन विश्वभरिका हजारौं पर्यटक खुम्बु क्षेत्रका पदमार्ग र हिमाल आरोहण गर्न आउने गर्दछन्। खुम्बु क्षेत्र हिमाल र हिमाली क्षेत्र सँग सम्बन्धित अध्ययन तथा अनुसन्धान गर्नको लागि खुल्ला विश्वविद्यालय हो।

सामाजिक तथा सांस्कृतिक दृष्टिले बुद्ध धर्मावलम्बीको बाहुल्यता रहेको खुम्बु पासाङल्हामु गाउँपालिकामा शेर्पा संस्कृति इतिहासको महत्त्व बोकेको क्षेत्र हो। खुम्बु पासाङल्हामु गाउँपालिकको सबै वडामा शेर्पा संस्कृतिको पहिचान र आस्था झल्किने गरी गुम्बाहरू रहेका छन्। शेर्पा, मगर, राई, तामाङ लगायतका जात जातीको उपस्थितिले यहाँको सामाजिक बनावटलाई समृद्ध बनाएको छ। धार्मिक तथा सांस्कृतिक पर्व, उत्सवहरू जस्तै ल्होसार, डुम्जी आदि सामूहिक रूपमा मनाइन्छन्, जसले सामाजिक सद्भाव र सहकार्यको भावना बलियो बनाउँछ। बाह्य बसाइँसराइका कारण सांस्कृतिक मिश्रण बढ्दै गएको छ, जसले आधुनिकता र परम्पराको संयोजनलाई देखाउँछ।

खुम्बु पासाङल्हामु गाउँपालिको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त र गतिशील छ। उच्च साक्षरता, बहुजातीय संरचना र ऐतिहासिक पहिचान यसको मुख्य विशेषता हुन्। खुम्बुको विकास र समृद्धिको लागि समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन्।

### १.४ आर्थिक अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिका पर्यटकिय क्षेत्रको रूपमा विश्वमा परिचित रहेको स्थानीय तह हो। खुम्बुको अर्थतन्त्र मुख्यतः होटल तथा पर्यटन व्यवसायमा आधारित रहेको छ। कोशी प्रदेशको विकट र दुर्गम रूपमा रहेको स्थानीय तहमा साना होटल तथा रेष्टुरेन्ट व्यवसाय, बैङ्क तथा वित्तीय संस्थाहरूको विस्तार भएको छ। परम्परागत कृषि गतिविधि सँगै आधुनिक कृषि प्रणालीको समेत प्रयोगको सुरुवात भएको छ।

खुम्बुको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ। एकातर्फ, पर्यटनको प्रमुख गन्तव्यको रूपमा रहेको खुम्बुमा पर्यटकीय रोजगारीको सम्भावना बढाएको छ भने अर्कोतर्फ असङ्गठित श्रम बजार, तथा जलवायु परिवर्तनका कारण विश्वका उच्च हिमशिखरहरूमा हिउँ देखिन छोडेका कारण आर्थिक वृद्धिमा स्थायित्व र दिगोपनामा असर पार्न सक्ने जोखिम पनि देखिन्छ। त्यसैले स्थानीय सरकारले सीप मूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।व्यवस्थित शहरी योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्न सके खुम्बु पासाङल्हामु गाउँपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ।
यस गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा सगरमाथा, गोक्यो ताल, इम्जा उपत्यका , सगरमाथा राष्ट्रिय निकुञ्ज लगायत रहेका छन् ।

## १.५ शैक्षिक अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिका हिमाली शहरको रूपमा विकासोन्मुख हुँदै गरेको छ भने यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको सङ्क्रमण चरणमा रहेको देखिन्छ। खुम्बु पासाङल्हामु गाउँपालिकामा १४ वटा सामुदायिक विद्यालय रहेका छन्। खुम्बु पासाङल्हामु गाउँपालिकामा ३ वटा माध्यमिक विद्यालय रहेका छन् भने पाँचैवटा वडामा आधारभूत विद्यालय सञ्चालन रहेका छन्। खुम्बु पासाङल्हामु गाउँपालिकामा ३ वटा धार्मिक विद्यालयमा समेत सञ्चालनमा रहेका छन्। आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षाको लागि गाउँपालिका भित्र नै शैक्षिक संस्थाको उपलब्धताले शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ। गाउँपालिकाले आफ्नो शिक्षा नीतिमा शत प्रतिशत भर्ना दर पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव तथा आवश्यकता अनुसार शिक्षकको स्वीकृत दरबन्दी प्रमुख चुनौतीका रूपमा देखिएको छ। विशेष गरी माध्यमिक र निम्न माध्यमिक तहमा विज्ञान, गणित र अङ्ग्रेजी जस्ता विषयको विषय शिक्षक स्वीकृत दरबन्दी न्युन भएकोले शिक्षण सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको छ। शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन र मुल्याकन गर्नु आवश्यक छ।

विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालय कहिल्यै नगएका वा बिचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, अस्थायी बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले विद्यालय छाड्नेदर प्रभावित हुन सक्छ। "भर्ना शतप्रतिशत" र "विद्यालय बाहिर रहेका बालबालिकालाई शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ । सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन्।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ।विद्यालयबाट १ घण्टा भन्दा टाढाको दुरीबाट विद्यालयमा आउने विद्यार्थीलाई आवासीय छात्रवृत्तिको व्यवस्था गरिएको छ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो ।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ। यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

### १.५.१ सबल पक्षहरु

खुम्बु पासाङल्हामु गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा कार्यक्रलाई व्यवस्थित वनाउदै लगिएको छ । यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुर्‍याएका छन् ।

विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ। विद्यालयमा सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइ अनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ। विद्यालय नर्सको अवधारणालाई कार्यान्वयन गर्ने प्रयास गरिएको छ भने विद्यालयमा मनोसामाजिक परामर्श सेवा उपलबध गराउनको लागि नीति तथा कार्यक्रमको तयार गरी कार्यान्वयनको चरणमा रहेको छ साथै बजेट समेत छुट्याएका छ । यो कार्यक्रमको कार्यान्वयनले विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा स्वीकार गरेको देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ । महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुर्‍याएको छ । विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। यस पालिका अन्तर्गत कार्यरत स्थायी,करार र बालविकास सहजकर्ता,विद्यलाय सहयोगी,कर्मचारी लगातका शिक्षकहरुलाई गाउँपालिकाकाले सामाजिक सुरक्षा कोषमा आवद्ध र शिक्षण सिकाइ लाई सरल र सहज बनाइ गुणस्तर सुधार गर्न नेपाल सरकारले थप गरेको बाहेक २० प्रतिशत प्रोत्साह स्वरुप रकम उपलव्ध गराएको छ । प्रत्येक विद्यालयमा बालबालिकाहरुको सिर्जनात्मक र चौतर्फि विकासका लागि प्रतिभा पहिचाना कार्यक्रम, बाल इको क्लव,स्काउट जस्ता क्लवहरु गठन गरिएको साथै सो कार्यक्रम सञ्चालनको लागि पालिका बाट रकम विनियोजन गरिएको छ । विद्यालयको विद्यार्थीहरुलाई टिकाइ राख्न र विद्यालय छाड्ने दर कम गर्न जेहेन्दार छात्रवृत्ति, आवासिय छात्रवृत्ति, कक्षागत उत्कृष्ठ छात्रवृत्तिको व्यवस्था गरिको छ । विद्यायलहरुलाई प्रविधि मैत्री बनाउन आइ सि टि ल्याव, विद्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ ।

समग्रमा,खुम्बु पासाङल्हामु गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ ।

### १.५.२ शिक्षा क्षेत्रका समस्याहरू

खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ ।

#### क) समतामूलक पहुँच र सहभागिता

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, अस्थायी बसाइँसराइ तथा शैक्षिक जनचेनाको अभावका कारण केही बालबालिकाहरू बिचैमा विद्यालय छोड्ने समस्या कायम छ। अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले घर-विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ ।

#### ख) गुणस्तर र सान्दर्भिकता

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। स्थानीय सन्दर्भ

समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बिचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवन उपयोगी सिप विकासमा चुनौती सिर्जना गरेको छ ।

### ग) शिक्षक व्यवस्थापन

विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षाको उपलब्धता भए पनि माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दी पर्याप्त नहुँदा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन सकेको देखिँदैन । विशेषगरी विज्ञान, गणित र अङ्ग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि-मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। खुम्बु पासाङल्हामु गाउँपालिकाका स्थायी शिक्षकको न्यून उपस्थिति, शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले तथा घर पायक सरुवा भई जाने मनस्थितिले खुम्बुमा स्थायी भई आउने शिक्षक आफ्नो परीक्षणकाल समाप्ती पश्चात सरुवा भई जान चाहने प्रवृत्तिले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

### घ) भौतिक पूर्वाधार

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

### ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

स्थानीय पाठ्यक्रम निर्माण भई शैक्षिक सत्र,२०८३ साल देखी सवै सामुदायिक विद्यायलहरुमा लागु भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र पृष्ठपोषण प्रणाली पर्याप्त सुदृढ छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

### च) समता र समावेशीकरण

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ । शिक्षित जनशक्ति कम हुदाँ शिक्षक बैङ्कको कार्यान्वयमा चुनौति रहेको छ ।

### छ) विद्यालय सुशासन र व्यवस्थापन

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकिरहेको छैन । विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ ।

समग्रमा हेर्दा खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा क्षेत्रमा पहुँच विस्तार र नितीगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

### १.५.३ अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजना अनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण-सिकाइ, अनलाइन सामग्री र शिक्षक-विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसङ्गत हुने सम्भावना बढेको छ। त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ। साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले खुम्बु पासाङल्हामु गाउँपालिकाले शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

### १.५.४ चुनौतीहरू

खुम्बु पासाङल्हामु गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ।लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ। जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, अस्थायी बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ। दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ।साथै, विपद्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ। जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ। सबै विद्यालयमा तोकिए अनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ। यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा खुम्बु पासाङल्हामु गाउँपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।पालिका स्तरमा र संघीय सरकार बाट प्राप्त दरवन्दी मिलान गर्नु साथै शिक्षण सिकाइ अनुदान संघको विषयगत दरवन्दि वितरण कार्यालाई प्रभावकारी वनाउन कठिन रहेको छ। विषयगत दरवन्दी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनका लागि र विद्यालयमा समान न्यायोचित रुपमा वितरण गर्नका लागि विशेष गरि विज्ञान ,अग्रेजी र गणित विषयको दरवन्दी वितरण गर्न सकिएको छैन। आधुनिक प्रविधि अन्तर्गत सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई भौगोलिक हिसावले गर्दा सवै विद्यालयमा पुऱ्याउन सकिएको छैन। गुम्बा शिक्षालाई प्रभावकारी वनाउन कठिन रहेको छ।हरित विद्यालय कार्यक्रलाई प्रभावकारी रुपमा सवै विद्यालयमा कार्यान्वय गर्न सकिएको छैन।

## परिच्छेद २
## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१. दूरदृष्टि
"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण"

### २.२.लक्ष्य
समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

### २.३. उद्देश्य
क) सबै बालबालिकालाई शिक्षामा **समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,**

ख) **सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, **अनौपचारिक, खुला दुर शिक्षा र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,**

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

### २.४. रणनीतिहरु

**उद्देश्य १. सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**

**रणनीतिहरू:**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **अनिवार्य र निःशुल्क** बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा **"विद्यार्थी भर्ना घरदैलो अभियान"** सञ्चालन गर्ने,

ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न **दिवा खाजा, छात्रवृत्ति र पोसाक** वितरण गर्ने,

घ) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार **छात्रावास**को व्यवस्था गर्ने,

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) **ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर** जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

च) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि **समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,**

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन **अभिभावक शिक्षा कार्यक्रम**लाई अभियानकै रूपमा सञ्चालन गर्ने,

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन **नियमित र नतिजामुखी तालिम** प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने,

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्ने,

**उद्देश्य २. सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

**रणनीतिहरू:**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन **स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट** सुविधाको विस्तार गर्ने

ग) शिक्षाको गुणस्तर कायम गर्न **नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को विकास गर्ने

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च) **शिक्षण सिकाइमा** खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

ज) नियमित मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

**उद्देश्य ३. औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु**

**रणनीतिहरु**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने

ग) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने

घ) गाउँपालिका स्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ) आवश्यकाताको पहिचान गरी समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रविधि मैत्री कक्षा सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर गाउँपालिकालाई **शिक्षित पालिका"** घोषणा गर्ने

**उद्देश्य ४ विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,**

रणनीतिहरू

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको **सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध** गर्ने

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न **परिणाममा आधारित जवाफदेहिता प्रणाली**को विकास गर्ने

ग) प्रधानाध्यापक छनोट प्रणालीलाई **योग्यता र क्षमताका आधारमा** हुने गरी परिमार्जन गर्ने

घ) वि.व्य.स.को भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने

ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने

च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि **एकीकृत तथ्याङ्क प्रणाली**को विकास र सुदृढीकरण गर्ने

छ) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने

ज) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको **नियमित अनुगमन र नियमन** गर्ने

झ) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट **आचारसंहिता** समय अनुकुल परिमार्जन गरी लागू गर्ने

ञ) गाउँपालिका भरी रहेका शिक्षक दरबन्दीको अध्ययन गरी **दरबन्दी मिलान र पुनर्वितरण** गर्ने

ट) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित **तालिम र नेतृत्व विकास** कार्यक्रमहरू सञ्चालन गर्ने

## २. ५. अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा **समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ**

ख) **सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ**

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, **अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ**

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

## २.६. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* | ६५ | ७५% | १००% | १००% |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* | ८५% | ९५% | ९५% | १००% |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | १०० | १०० | १०० | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १८६ | १५० | १२० | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | १०० | १०० | १०० | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १५२ | १३० | १२० | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | १०० | १०० | १०० | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | १५२ | १३० | १२० | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ९० | ९५ | ९८ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ८९ | ९४ | ९८ | १०० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ३४ | ५० | ८० | १०० |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | ०.८९ | १ | १ | १ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | १०० | १०० | १०० | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १३० | १२० | ११० | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ९० | ९५ | ९८ | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ८७ | ८९ | ९० | १०० |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.८६ | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | ० | ० | ० | ० |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ३७ | ३८ | ३९ | ४० |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | १०० | १०० | १०० | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | १४६ | १३० | १२० | १०० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १ | १ | १ | १ |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ९० | ९५ | १०० | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ७४ | ८५ | ९५ | १०० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | १२ | २० | ३० | ५० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | १५ | २० | २५ | ३० |
| **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ७४ | ८० | ८५ | ९५ |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ७४ | ८० | ८५ | ९५ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | १०० | १०० | १०० | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | ०.७९ | १ | १ | १ |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:१३ | १:१४ | १:१५ | १:१६ |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:२९ | १:३० | १:३० | १:३० |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:१६ | १:१७ | १:१८ | १:१९ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:१९ | १:२० | १:२३ | १:२५ |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | १:१७ | १:१९ | १:२२ | १:२५ |

## परिच्छेद ३
## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१. प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१. परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

#### ३.१.२. वर्तमान अवस्थाः

खुम्बु पासाङल्हामु गाउँपालिकामा छुट्टै प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छैनन् तर सञ्चालनमा रहेका सबै विद्यालयमा बाल विकास केन्द्रको पठनपाठन हुने गरेको छ । यी विद्यालयहरूमा कुल २३२ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये ९८ जना छात्र र १३४ जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसङ्ख्या २३२ रहेको आधारमा सहजै देखिने भर्नादर १०० प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको सङ्केत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या १४८ रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिका शत प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या २४(१०.३४ प्रतिशत), जनजाति बालबालिकाको संख्या १९९(८५.७७) प्रतिशत रहेको छ । यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ।

समग्रमा हेर्दा खुम्बु पासाङल्हामु गाउँपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनैतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**तालिका १**
**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १४ | १३४ | ९८ | २३२ | १६ | ८ | २४ | ० | ० | ० |

खुम्बु पासाङल्हामु गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। गाउँपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ।हाल गाउँपालिकामा विद्यालयमा आधारित बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको प्रभावकारी व्यवस्थापन गर्दै

आइरहेको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको उपलब्धता पर्याप्त रहेको छ। बाल विकास केन्द्रलाई प्रभावकारी र थप व्यवस्थित गर्नको लागि बाल विकास सहजकर्तालाई नेपाल सरकारले उपलब्ध गराउँदै गरेको पारिश्रमिकलाई थप गरी उपलब्ध गराउँदै आई रहेको छ ।

**३.१.३ उद्देश्यः**

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु,

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु,

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु,

घ) वालवालिकालाई माथिल्लो कक्षाका लागि आधार तयार गर्न,

**३.१.४ रणनीतिहरू**

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी क्षेत्रलाई समेत **केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित** गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन गर्ने।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

क) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपान्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

ख) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन प्रवोधिकरण गर्ने

ग) लागत सहभागिता अभिवृद्धि गर्ने,

घ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ङ) ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

च) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

छ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकुल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,

झ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

**३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

क) **अपेक्षित उपलब्धिः** खुम्बु पासाङल्हामु गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ।

**ख)  प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | ओटा | ० | १ | ० | ० | १ | २ | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | सुपरीवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | |
| ८ | स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | दिन | १८० | १८० | १८० | १८० | १८० | ९०० | |
| ९ | पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | १ | | | | | ३ | |
| १० | पूर्वाधार, सिकाइ  क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | ओटा | | १ | १ | १ | १ | ४ | |
| ११ | शिक्षकको योग्यता  र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ४ | |
| १२ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| १४ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पाठ्यक्रम मा समावेश गरी निरन्तर | पाठ्यक्रममा समावेश गरी निरन्तर | पाठ्यक्रममा समावेश गरी निरन्तर | पाठ्यक्रममा समावेश गरी निरन्तर | पाठ्यक्रममा समावेश गरी निरन्तर | पाठ्यक्रममा समावेश गरी निरन्तर | पाठ्यक्रममा समावेश गरी निरन्तर | पाठ्यक्रम मा समावेश गरी निरन्तर |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १८ | सहयोगी (आया) को व्यवस्था | जना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १९ | प्रारम्भिक वालविकास तथा शिक्षकको सेवा तथा सुविधामा वृद्धि गर्ने | सङ्ख्या | ४६ | | ४६ | | ४६ | सङ्घ / प्रदेश र स्थानीय तहको निर्णय अनुसार | |
| २० | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | | १ | १ | १ | | ५ | |
| २१ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | ० | ० | ० | ० | ० | ० | |

### ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधान ले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ।राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो।त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत-साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या १०८३, शिक्षक दरबन्दी ७० र शिक्षक विद्यार्थी १:१६ अनुपात रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ११३, जनजाति ९४५ र अपाङ्गता भएका बालबालिका १ जना छात्रा रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ।

**तालिका २**

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १७ | ५२९ | ५०७ | १०३६ | ६० | ५३ | ११३ | ० | १ | १ |

खुम्बु पासाङल्हामु गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ । सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याव) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, अनिवार्य र निशुल्क बनाउनु,
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु,
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने
ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने
ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने
घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने
ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने
च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने
छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने
ज) शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने
झ) कक्षा ५ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने
ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
ट) मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने
ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने
ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने
ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने
त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने
ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने
ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने
प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने
ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने
भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने
य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने
र) विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक सांस्कृतिक विविधताको सम्मान गर्ने
ऱ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी जस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
ल) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

खुम्बु पासाङल्हामु गाउँपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, अनिवार्य र निःशुल्क भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि १००प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्य**:

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | १ | ० | ० | ० | ० | १ | २ | सङ्घको निर्णय बमोजिम |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | नियमित | | | | | | | | |
| ४ | आधारभूत तहका बालबालिकाहरूका लागि पठनसामग्री व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम | जना | १५<br>२ | | | १५ | | ३० | ६० | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | परीक्षण | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षक क्षमता विकास | पटक | | १ | १ | १ | १ | ४ | ८ | |
| ९ | विद्यालय उत्थानशीलता योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | | १ | १ | १ | १ | ४ | ८ | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यालय | | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १६ | विपन्नका लागि ड्रेस, स्टेशनरी छात्रवृत्ति | विद्यालय | | | | | | | | |
| १७ | कक्षाकोठामा आधारित मूल्याङ्कन | नियमित | नियमित | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | शैक्षिक मानव संसाधन सूचना प्रणाली व्यवस्थित गर्ने | नियमित | नियमित | | | | | | | |
| १९ | वि.व्य.स., शि.अ.सं. का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| २१ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| २२ | तहगत रूपमा उत्कृष्ट पुरुष र महिला शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | | १ | १ | १ | १ | ४ | ८ | |

## ३.३ माध्यमिक शिक्षा

३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास  तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या २९० शिक्षक दरबन्दी १६ र शिक्षक विद्यार्थी अनुपात १/१८ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित  १३, जनजाति २७१  र अपाङ्गता भएका बालबालिका शुन्य जना रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय,  खानेपानी,  खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त भए ता पनि समय अनुकुल भौतिक पुर्वधार परिक्षण गर्न सिकिएको छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३ | १३७ | १५३ | २६६ | ५ | ८ | १३ | | | |
| जम्मा | | | | | | | | | | |

नेपालको संघीय संरचना र शैक्षिक नीति अनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको खुम्बु पासाङल्हामु गाउपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ।गाउँपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक

तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ।विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भनेकेही विद्यालय अझै ०+२ मोडेलमा सञ्चालन भइरहेका र पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ।

**३.३.३ उद्देश्य**

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,

**३.३.४ रणनीतिहरू**

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण-सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य–दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी प्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान सङ्काय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टिकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

न) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

ऩ) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

प) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

फ) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | १ | | | | १ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सीमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवाक्षेत्र यकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | | १ | | | | १ | | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाई अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सङ्घ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार स्कुल बसको व्यवस्था, खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | सङ्घ र स्थानीय तह |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | | | | | | | | | |
| ६ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | जना | | ३ | ३ | ३ | ३ | १२ | २४ | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | वि.व्य.स., पी.टी.ए. पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | प्रदेश तथा स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | | १ | | | | | | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र स्थानीय तह |
| १० | आर्थिक रूपमा विपन्नका लागि विद्यालय ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | | २० | २० | २० | २० | २० | ८० | |
| ११ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ० | १ | १ | १ | १ | ४ | ८ | |
| १२ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | |
| १३ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | | १ | १ | १ | १ | ४ | ८ | |
| १४ | शिक्षक बैङ्क व्यवस्थापन | जना | आवश्यकता अनुसार | | | | | | | |

### ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

#### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो।यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो।औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवन पर्यन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो।अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन्।आफ्नो जीवनको इतिहास आफै लेख्छन्।तसर्थ सिकाई जीवन पद्धतिसँग जोडिएको हुनेछ।अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ।निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ।राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ ।

#### ३.४.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेका व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाले १५ देखि ६० वर्ष उमेरका जनसङ्ख्यामा कुल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ । ।विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ।सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ।केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ ।

#### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरीतिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

#### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसङ्ख्याको पहिचान र अभिलेखीकरण गर्ने

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देशीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी पालिकास्तरिय पुस्तकालय सञ्जाल निर्माण गर्ने

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) सङ्घीय, प्रदेश सरकार तथा अन्य सङ्घ-संस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने
ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने
ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरूको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने
ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने
त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने
थ) गाउँपालिकालाई शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | |
| १ | घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षासम्बन्धी तथ्याङ्क सङ्कलन | वडा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता अभिबृद्धि साथै गुम्बाको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन साथै गुम्बाको अनुदान | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | आजीवन सिकाइका कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सीप विकास र आयआर्जनमा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | तह १ र २ को अनौपचारिक सिकाइको माध्यमबाट सिकेका ज्ञान सीपलाई प्रमाणीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | अनौपचारिक तथा आजीवन सिकाइको | सा.सि.के. | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथ्याङ्क व्यवस्थापन साथै गुम्बा<br>शिक्षाको व्यवस्थापन | | | | | | | | | |

## परिच्छेद ४
## अन्तरसम्बन्धित विषय क्षेत्रहरू

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम-निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

#### ४.१.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सीप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू भएको छ। यसलाई सुधार्न गाउँपालिकाले

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिप समेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउनका लागि विद्यालय अनुदान निर्देशिका तयार गरी कार्यान्यिन गरिरहेको छ भने स्थानीय संयन्त्र निर्माण गरी भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, खुम्बु पासाङल्हामु गाउँपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

#### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ,

ख) स्थानीय पाठ्यक्रम निर्माण , कार्यान्वयन प्रवोधिकिरण गर्नु,

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु,

#### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्व-अध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्वयन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ ।

ख) **प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखीकरण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | स्थानीय तह, शि.वि.स.ए |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय तह, शिक्षा विभाग |
| ३ | शिक्षक पेसागत सहयोग (मेन्टरिङ) | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, शिक्षा विभाग |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय पाठ्यक्रम पुनरावलोकन र स्रोत सामग्री निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्त र | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ९ | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १० | सुपरीवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ११ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: बाहखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्रपत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १२ | स्थानीय पढाइ सामग्री र  अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | सबै | सबै | सबै | सबै | सबै | २ | | |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

#### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक-विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

गाउँपालिका भित्र सञ्चालनमा रहेका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त भएको देखिँदैन। भौगोलिक अवस्थाका कारण शिक्षक विद्यार्थी अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गरिएको भए तापनि विद्यालयमा विषयगत शिक्षकको पदपूर्ति हुन सकको देखिँदैन। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। गाउँपालिका दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको नेतृत्व क्षमताको विकासको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यी चुनौतीहरूको समाधानका लागि गाँउपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार थप दरबन्दी पुनर्वितरण गर्ने,
ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने
ग) दक्ष र तालिम प्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने
घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने
ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने
च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ उपलब्ध गराउने
छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने
ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रम मार्फत प्रेरित गर्ने
झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने
ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने
ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने
ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने
ढ) नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने
ण) शिक्षकले कक्षा कोठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने
त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
| १ | शिक्षक नियुक्ति र सरुवा | पटक | नियम अनुसार | नियम अनुसार | नियम अनुसार | नियम अनुसार | नियम अनुसार | नियम अनुसार |
| २ | शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन | | १ | १ | १ | १ | १ | ५ |
| ३ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | | १ | १ | १ | १ | ४ |
| ४ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | | | | १ | १ | २ |
| ५ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | शिक्षकहरूका लागि तहगत एवम् विषयगत पुनर्ताजगी तालिमको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | प्रविधिमैत्री शिक्षक तालिम | पटक | १ | | १ | | १ | ३ |

### ४.३ समता र समावेशीकरण

#### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्त्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरण लाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ ।

#### ४.३.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा सञ्चालनमा रहेका १७ वटा सामुदायिक विद्यालयमा करिब १६०५ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या ७५८ करिब ४७.२२ प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको संख्या ९७.५० प्रतिशत रहेको छ।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म ४३९ जना विद्यार्थीले नियमित रूपमा संघीय सरकार बाट प्राप्त छात्रवृत्ति साथै गाउँपालिकाबाट सुविधा प्राप्त गरीरहेका छन् । त्यसैगरी अपाङ्गता भएका

विद्यार्थीहरूको सङ्ख्या १ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा, खुम्बु पासाङल्हामु गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

### ४.३.३ उद्देश्य

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु

### ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि जेन्डर फोकल पर्सन वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाहबाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | लक्षित वर्गका लागि छात्रवृत्ति वितरण | सङ्ख्या | सबैका लागि | | | | | | | पालिकाको बजेट साथै संघीय बजेट |
| ४ | सबै प्रकारका विभेदको अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | आवश्यकतानुसार |
| ५ | जेन्डर फोकल पर्सन/शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | १ | नियमित | नियमित | नियमित | नियमित | | | आधारभूत (६-८) र माध्यमिक (९-१२) |
| ६ | गाउँपालिकास्तरका अपांगता भएका बालबालिकाको तथ्यांक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | अपाङगता भएका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | विद्यालयमा हुने विभेद, दुर्व्यवहार, हिंसा आदि रोकथामको लागि संयन्त्र निर्माण | पटक | | १ | | | | १ | | |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्त्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ ।

### ४.४.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकास देखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ । यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

गाउँपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६–१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि

आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिति र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरण लाई प्रवर्द्धन गर्ने महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### **४.४.३ उद्देश्यहरु**

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चित गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धिमा सुधार गर्नु

### **४.४.४ रणनीतिहरू**

क) गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै विद्यालयमा अध्ययनरत कक्षा १२ सम्म पोषिलो र ताजा दिवा खाजा उपलब्ध गराउने ।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने ।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग-अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने ।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने ।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने ।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने ।

### **४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयहरुमा सेनेटरी प्याड लगायत सफाईका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालयमा सरसफाईको लागि साबुन, पानी लगायतका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | | | | | | | | |
| ७ | अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.५ आपतकालीन अवस्थामा शिक्षा

#### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुर्‍याउँछ ।

#### ४.५.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य सङ्कट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा सङ्कटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। गाउँपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ ।

#### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | आतपकालिन सङ्कटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | पटक | | | | | | | | |
| २ | निर्देशिकाको आधारमा विज्ञ व्यवस्थापन समिति गठन र परिचालन | पटक | १ | | | | | | २ | |
| ३ | स्रोत शिक्षक तथा प्र अ का लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

क) सङ्घीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा सङ्कटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) सङ्कट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) Covid-19 जस्ता सङ्कटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने ।

ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

त) सङ्कट/आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धीः आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य

## ४.६ **विद्यालय भौतिक पूर्वाधार विकास**

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्त्वपूर्ण हुन्छ। **शिक्षा नियमावली २०५९** अनुसार, प्रारम्भिक वालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ । विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। **राष्ट्रिय शिक्षा नीति २०७६** ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ।यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### **४.६.२ वर्तमान अवस्था**

खुम्बु पासाङल्हामु गाउँपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्। गाउँपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ ।

गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, खुम्बु पासाङल्हामु गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघ-संस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घर लगायत पूर्वाधार समावेश गरेर डिजाइन गर्ने

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य

क) उपलब्धिः सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्ष | १० वर्ष |
| १ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विज्ञ समूहमार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मूल्याङ्कन | निरन्तर | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ३ | प्राविधिक धार ल्याब व्यवस्थापन | पटक | | | | | | | |
| ४ | विषयगत प्रयोगशाला स्थापना | ओटा | २ | २ | १ | १ | १ | ७ | १४ |

### ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुऱ्याइ र शिक्षा व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउने। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ।विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण–सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्त्वपूर्ण योगदान दिन्छ।

#### ४.७.२ वर्तमान अवस्था

खुम्बु पासाङल्हामु गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT)को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र दक्ष र तालिम प्राप्त शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। गाउँपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।समग्रमा, खुम्बु पासाङल्हामु गाउँपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

#### ४.७.३ उद्देश्य

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ  सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| ग) क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना बिस्तार क्षमता विकास | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ओटा | १ | २ | २ | २ | २ | ९ | १८ | |
| ३ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास/ गुम्बा विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | **१०** | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालमा इ-हाजिरी व्यवस्थापन | ओटा | १३ | | | | | | | |
| ६ | आधारभूत र माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | विद्यालय | आवश्कता अनुसार | | | | | | | |
| ७ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | **१०** |

## परिच्छेद ५
## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीता, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वियन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता  तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुगमन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरू समावेश गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न  तत्कालीन  समस्या  समाधानका लागी कर्मचारीको  व्यवस्थापन  र  सङ्गठनात्मक  स्वरूपमा  केही  परिवर्तन  गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय  मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख गरिएका नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन

संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ। नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशिल छन्। साबिकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशिल रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले कार्य सम्पादन गर्ने गरी सङ्गठन तयार गरी शिक्षा अधिकृत १ जना र प्राविधिक सहायक पाँचौ तहको एकजनाको दरबन्दी स्वीकृत भई हाल पदपुर्ति भएको र आगामी दिनमा शिक्षा क्षेत्रमा फड्को मार्ने आकलन गर्न सकिन्छ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइँदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्।

विद्यालयमा विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरहेको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर काम विहीन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरू बीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
ख) तीनै तहका सरकार बीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
घ) जनशक्तिहरूको क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।
ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।
घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

ङ)	प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च)	विद्यालय कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।
छ)	विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।
ज)	शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
झ)	विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
ञ)	मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।
ट)	स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।
ठ)	ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण-सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।
ड)	विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
ढ)	विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १ | शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | १ | २ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने मूल्याङ्कन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | १४ | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | पटक | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | | १ | १ | १ | १ | १ | |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | जना | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ८ | विद्यालयको सम्पत्तिको सुरक्षाका लागि जनशक्ति व्यवस्थापन | जना | | | | | | | |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

#### ५.२.१ परिचय

सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी **शिक्षा योजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको **रणनीतिक र कार्यान्वयनमुखी योजना** हो।यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

#### ५.२.२ वर्तमान अवस्थाः

गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्नेछ। गाउँपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त गाउँपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण बजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना  र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन कार्यविधि पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएको छ।

#### ५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

#### ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र

ट) मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

**५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | **जम्मा** | | |
| १ | शिक्षा योजना कार्यान्वयन नीति तयार गर्ने | पटक | १ | | | | | १ | | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | | | | | १ | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरूलाई थप प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

**५.३ अनुगमन तथा मूल्याङ्कन**

**५.३.१ परिचय**

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वयन गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । प्रत्येक विद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि. व्य. स. र प्र. अ. को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ । विद्यालय अनुगमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनुगमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन् ।अनुगमन पश्चात सरोकारवालाहरू सँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी शिक्षा शाखाबाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरूको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ ।

गाउँ शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.३.३ उद्देश्य

क) अनुगमन तथा मूल्याङ्कनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

**ङ)** विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षालाई थप व्यवस्थित र नियमित गर्ने

**च)** कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

**छ)** योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्यः**

ग) योजना कार्यान्वयनको क्ममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

**प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | अनुगमन | पटक | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि मापन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | अनुगमनसम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी तथा नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | योजना कार्यान्वयनको अनुगमन | पटक | निरन्तर | | | | | | |

## परिच्छेद ६

## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह अनिवार्य र निःशुल्क तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्य वस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नु पर्नेछ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिए तापनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानी मैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ। कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ।

### ६.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन्। विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २१ हजार रहेको छ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहने छन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घ-संस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सघीय सरकार | रु.७९२०००००। | ७०.७० | |
| २ | प्रदेश सरकार | रु.५०००००। | ०.४४ | |
| ३ | स्थानीय सरकार | रु.३२३१६०००। | २९.२९ | |
| ४ | सङ्घ संस्था तथा दातृ निकाय | रु.२९०७१९७४ | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| जम्मा(रु.) | | १०८७७१९७४ | | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

### १.१. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### १.१.१. उपलब्धि

शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर तथा क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने ।

वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी तथा उत्तरदायित्व सुदृढ भएको हुने ।

### १.१.२. नतिजा

क) लगानी तथा स्रोत व्यवस्थापन यथोचित रूपमा भएको हुने ।

ख) शिक्षामा लगानी गर्न स्थानीय तह उत्प्रेरित भएको हुने।

ग) गरिएको लगानीबाट निर्धारित लक्ष्यहरू प्रभावकारी रूपमा हासिल भएको हुने ।

६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | | श्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५०००००० | ५५००००० | ५७००००० | ५७००००० | ५७००००० | २७६००००० | ७१००००० | ५५००००० | १५०००००० |
| २ | आधारभत् शिक्षा | ८४८००००० | ८५३००००० | ८५८००००० | ८६०००००० | ८६८००००० | ४२८७००००० | ४२१४००००० | ० | ७३००००० |
| ३ | माध्यमिक शिक्षा | २७३००००० | २७५००००० | २७७००००० | २७९००००० | २८०००००० | १३८४००००० | १३६२००००० | ० | ५०००००० |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २०२०००० | २०३०००० | २०४०००० | २०५०००० | २०६०००० | ८७००००० | ५२००००० | ० | ५००००० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५५००००० | ५६००००० | ५७००००० | ५८००००० | ५९००००० | २८५००००० | २००००००० | ० | ८५००००० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | २५००००० | ३०००००० | ३५००००० | ४०००००० | ४५००००० | १७५००००० | २५००००० | ० | १५०००००० |
| ७ | समता र समावेशीकरण | ८५००००० | ८५००००० | ८५००००० | ८५००००० | ८५००००० | ४२५००००० | १००००००० | ० | ३२५००००० |
| ८ | अन्तरसम्वन्धित विषय क्षेत्र | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ० | ० | २५००००० |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | १२००००० | ० | १३००००० |
| १० | विद्यालय भौतिक पूर्बाधार विकास | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० | २५०००००० | ७५००००० | २५००००० | १५०००००० |
| ११ | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | २००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १४००००० | १४००००० | ० | ० |
| १२ | विद्यालय सुरक्षा | ३००००० | ३५०००० | ३६०००० | ३८०००० | ३९०००० | १७८०००० | १७८०००० | ० | ० |
| १३ | संस्थात क्षमता विकास | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | १५००००० | ० | ० |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ४००००० | ४१०००० | ४२०००० | ४३०००० | ४५०००० | २११०००० | ११००००० | ० | १०१०००० |
| १५ | योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | ५६५००० | ५८०००० | ६००००० | ६१०००० | ६२०००० | २९७५००० | ४७५००० | ० | २५००००० |
| | जम्मा | १४३३८५००० | १४५३७०००० | १४६९२०००० | १४७९७०००० | १४९५२०००० | ७३३१६५००० | ६१७३५५००० | ८०००००० | १०७८१०००० |

## परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वयन गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् ।कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनुगमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनुगमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन् । अनुगमन पश्चात सरोकारवालाहरू सँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्य योजना बनाई कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाउँ पालिकाको शिक्षा शाखाबाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भएतापनि सक्रिय बनाउन बाँकी नै छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरूको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए/नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रक्रिया खुम्बु पासाङल्हामु गाउँपालिकाको विद्यालय अनुगमन कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिकाका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरीक्षण, सुपरीवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | त्रैमासिक | |
| ३ | विज्ञ सहितको विद्यालय सुपरीवेक्षण | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | प्रमुख तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा अधिकृत | | | वार्षिक | |
| ६ | विद्यालय सुपरीवेक्षक | | था पदाधिकारी | वार्षिक | |
| ७ | नागरिक समाज तथा गैरसरकारी सङ्घसंस्था | | | मासिक | |
| ८ | विद्यालय व्यवस्थापन समिति | | | मासिक | |

**७.३ उद्देश्य**

क) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

**७.४ रणनीतिहरू**

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास तथा प्रभावकारी कार्यान्वयन गर्ने।

**७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**अ) उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | **जम्मा** | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | १ | २ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | पटक | १ | | | | | १ | | |
| ३ | अनुगमन, समीक्षा र प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | अनुगमन सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | प्र.अ. बैठकमा राख्ने |
| ६ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | अध्ययन तथा अनुसन्धान | पटक | | | १ | | १ | २ | | |